# स्थानीय राजपत्र

## ज्वालामूखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ३ संख्याः १ मितिः २०७६।०३।३१

**भाग : २**

**आर्थिक बर्ष २०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम**

यस गाउँपालिकाको तेस्रो गाउँसभामा उपस्थित प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस सभामा पाल्नु हुने सबै पेशा, वर्ग, सेवा र समुहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम म यस गाउँपालिकाको जन निर्वाचित प्रमुख र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

प्रदेश नं ३, धादिङ जिल्लाको सदरमुकाम धादिङ बेशी देखि करिब ११ कि.मि. को दुरीमा केन्द्र रहेको यस गाउँपालिकाको पूर्बतर्फ निलकण्ठ नगरपालिका, पश्चिमतर्फ गोरखा जिल्लाको गण्डकी गाउँपालिका, उत्तरतर्फ निलकण्ठ नगरपालिका र त्रिपुरा सुन्दरी गाउँपालिका तथा दक्षिणतर्फ सिद्धलेक गाउँपालिका अबस्थित छ । हालसालै तयार भएको

गाउँपार्श्वचित्र अनुसार यस गाउँपालिकाको जनसंख्या ३२,९२२ रहेको छ भने यस गाउँपालिकाको क्षेत्रफल ११४.५ वर्ग कि.मि. रहेको छ । भौगोलिक हिसाबले सदरमुकाम देखी निकट रहेको यस गाउँपालिका क्षेत्र भित्रको कुनै पनि भु-भाग विकट अबस्थामा रहेको छैन । यस गाउँपालिकाको सामिप्यमा रहेका नेत्रावति र बुढिगण्डकीको अविरल बहावका कारण बुढीगण्डकीको सौदर्यता, चरन क्षेत्र र टारहरुको मनमोहक दृश्य तथा संस्कृतिका रुपमा रहेका जलमूखीमाइ, ढोला मण्डली, मैदी कोट, खरि कोट, अनकन्या र चैनपुर कोट जस्ता धार्मिक, पुरातात्त्विक एबं पर्यटकीय प्रचुर सम्भावना बोकेको यस गाउँपालिकाको वारेमा जानकारी गराउन पाउँदा अत्यन्तै गौरवान्वित भएको छु ।

जनताको अभिमत सहित हामी निर्वाचित भएर यस गाउँपालिकाको विकासमा योगदान गरी गाउँपालिका लाई सम्बृद्धि तर्फ लैजानका लागि अठोट एवं उद्देश्यका साथ आएका थियौं । तथापी यस गाउँपालिकाको विविध समस्या, चुनौति र अवसरहरु समेत छन् भन्ने यथार्थलाइ भने नकार्न सकिदैन । यसका अलवा पनि यस गाउँपालिका क्षेत्रको सम्बृद्धि र विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ हामी निर्वाचित पदाधिकारीहरु निकै सचेत रहि गाउँपालिकालाई विकास तर्फ डोऱ्याउन उद्धत छौं भन्ने ब्यहोरा जानकारी गराउन चाहन्छु । हामी यस गाउँपालिकाका जनप्रतिनिधिहरु यस सभामा जनताको आकाँक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम र वजेट समेत यस सम्मानित सभा मार्फत समग्र ज्वालामूखी गाउँपालिकाका नागरीकहरु समक्ष राख्न पाउँदा म आफु र यस सभालाई गौरवान्वीत ठानेको छु । यस अवसरमा हाम्रो कार्यलाई सहयोग गर्नुहुने निर्वाचित पदाधिकारीहरु, गाउँपालिकाका कर्मचारीहरु, राजनैतिक दल, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरीक समाजका अभियन्ताहरु, शिक्षक, पत्रकार, समाजसेवीहरु लगायत सम्बन्धित सबै प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

धादिङ जिल्लाको मध्ये भागमा अवस्थीत यस गाउँपालिका विविध सम्भावना बोकेको गाउँपालिका हो, जहाँ बुँढीगण्डकी जस्तो नेपालको राष्ट्रिय गौरवको बिशिष्ट अत्याधुनीक जलासययुक्त जलविद्युत आयोजनाको सबै भन्दा बढी प्रभावित क्षेत्र पर्दछ भने जहाँबाट उक्त जलासय र उत्तर तर्फको मनोरम गणेश हिमाल लगायत अन्य विभिन्न हिमश्रृखला अवलोकन गर्ने साथै दक्षिण महाभारत लेकको हरियाली दृश्य

अवलोकनको उपयुक्त स्थान रहेको छ । जसको माध्यमबाट यस गाउँपालिकामा पर्यटन, आर्थिक, सामाजिक, तथा पूर्बाधार विकास गर्न सकिने प्रवल सम्भावनाहरु रहेका छन् । बेंशी देखि पहाड सम्मको सबै प्रकारको प्राकृतिक विविधता बोकेको यस गाउँपालिका क्षेत्रमा कृषि र पर्यटनलाई नमुनाको रुपमा विकास गरी समग्र गाउँको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनिय योगदान हुने सम्भावना देखेको छु, जसको लागि गाउँपालिका स्तरीय आबधिक विकास योजना तयारीको क्रममा रहेको छ । यसवाट दिगो विकास एबं सहश्राब्दि लक्ष्य संग त्भम ग्उ हुने गरी आगामी दिनमा विकास निर्माणका कार्यक्रमलाई अगाडि बढाइने ब्यहोरा यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु । यसका साथै आगामि दिनहरुमा समग्र गाउँपालिकाको एकिकृत योजना तयार गरी स्पष्ट लक्ष्य र उद्देश्यका साथ परिणाममूखि भइ अगाडि बढ्न आफु प्रतिवद्ध रहेको व्यहोरा यस सम्मानित सभामार्फत समग्र ज्वालामूखि गाउँपालिकाबासीमा प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

हामी सबै जानकार नै छौं । हाम्रा चाहना र आवश्यकताहरु असिमित छन, तर स्रोत र साधन सिमित छ । सिमित स्रोत र साधनको न्यायोचित वितरण तथा अत्याधिक प्रयोग बाट समग्र गाउँपालिका क्षेत्रको आम नागरीकको विकास तथा परिबर्तनको चाहना लाई सम्बोधन गर्न अधिकतम प्रयास गरीने छ । तसर्थ सिमित स्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समूदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामूहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको तड्कारो आवश्यकता र यथार्थ हो । यसलाइ कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनैतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्था, विकास प्रेमी व्यक्तित्वहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरुसंग सहयोग र सहकार्यको पूर्ण आशा र अपेक्षा लिनुको साथै विश्वस्त पनि छु ।

**सभाध्यक्ष महोदय,**

अव म यस गाउँपालिकाको आर्थिक बर्ष ०७६/७७ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अपनाइएको विधि ,आधार र मार्गदर्शनका बारेमा जानकारी गराउन चाहन्छु ।

- ❖ नेपालको संविधान २०७२ ।
- ❖ बजेट तथा योजना तर्जुमा सम्बन्धी (संसोधित) दिग्दर्शन २०७४,
- ❖ गाउँपालिकाको कार्यभिभाजन नियमावली २०७४,
- ❖ गाउँपालिकाबाट पारित कार्यसम्पादन नियमावली २०७४,
- ❖ स्थानीय निकाय श्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि २०६९
- ❖ स्थानीय सरकार संचालन ऐन २०७४
- ❖ अर्थ मन्त्रालयको नीति एवं निर्देशन
- ❖ संघीय सरकारवाट प्राप्त वजेट सिलिङ
- ❖ प्रदेश सरकारवाट प्राप्त वजेट सिलिङ
- ❖ राजस्व परामर्श समितिले तयार गरेको वार्षिक आन्तरिक आम्दानीको प्रक्षेपण
- ❖ गाउँपालिका क्षेत्र भित्रका विषय विज्ञको राय सल्लाह एवं सुझाव
- ❖ बजेट तथा कार्यक्रम तर्जूमा समितिको सिफारिश ।
- ❖ विभिन्न बिषयगत समितिको सुझाव एवं सिफारिश ।

**सभाध्यक्ष महोदय,**

अव म यस गाउँपालिकाले आगामी आ.व. ०७६।७७ को लागि आयोजना छनौट गर्दा आ.व. ०७५।७६ का लागि छनौट भएका प्राथमिकताका योजनालाई निरन्तरता दिदै अबलम्बन गरीने नीतिका बारेमा जानकारी गराउन चाहान्छु ।

**निम्न**

- ❖ अधुरा तथा क्रमागत योजनाहरुलाई पुरा गर्ने वजेट तथा कार्यक्रमहरु ।

- ❖ आर्थिक विकासका हिसाबले कृषि सडक, पर्यटन सडक र खानेपानी जस्ता आयोजनाहरु
- ❖ पिछडिएका क्षेत्र, वर्ग र समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने र नयाँ रोजगारीको श्रृजना हुन सक्ने योजना तथा कार्यक्रमहरु ।
- ❖ स्वास्थ्य र शिक्षाको क्षेत्रमा गुणस्तरियतामा अभिबृद्धि हुने कार्यक्रमहरु ।
- ❖ महिला तथा बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरु ।
- ❖ वातावरण संरक्षण तथा विपत व्यवस्थापन गर्ने कार्यक्रमहरु ।
- ❖ विपदको समयमा उद्दार गर्न सघाउ पुग्ने योजना तथा कार्यक्रमहरु ।
- ❖ खानेपानी तथा सरसफाईका विभिन्ने कार्यक्रमहरु ।
- ❖ लक्षित वर्गलाई रोजगारीमा टेवा पुचाउने योजना तथा कार्यक्रमहरु ।
- ❖ विकासको नाममा बजेट छरिने र भागवण्डा भन्दा प्राथमिकताको माध्यमबाट शिघ्र नतिजा हासिल गरी जनतालाई प्रत्यक्ष लाभ हुने योजना तथा कार्यक्रमहरु ।

गाउँपालिकाको दिगो विकासको लागि "**शिक्षा, स्वास्थ्य, कृषि , पर्यटन र पूर्वाधार – समृद्ध ज्वालामूखीको मूल आधार**" भन्ने दिर्घकालिन सोचका साथ गाउँपालिकाको दिर्घकालिन रणनीति तयार गरी सोहि अनुसार अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना सहित अघि बढ्नु पर्ने समय आइसकेको हुँदा आवधिक तथा गुरुयोजना तयारीको क्रममा रकेको व्यहोरा जानकारी गराउँन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको दिर्धकालिन लक्ष्यका साथ अबलम्बन गर्ने नीति तथा उदेश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क. दिर्घकालिन नीतिः**

- गाउँपालिका क्षेत्रका समग्र विकासका लागि बृहत एकीकृत गाउँपालिका स्तरीय आवधिक/गुरु योजना तयार गर्ने ।

- गाउँपालिका स्तरीय चक्रपथको अवधारणाको विकास एवं विस्तार गर्ने ।

- गाउँपालिका क्षेत्र भित्रका सम्भावित करका क्षेत्रहरु पहिचान गरी करका दायरा विस्तार गर्ने ।

- गाउँपालिका भित्र पर्यटन विकास, विस्तार र सम्बर्द्धन का लागि गाउँपालिका स्तरीय पर्यटन गुरु योजना तयारीका लागि गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण धार्मिक धरोहर, शक्तिपिठहरु, तथा पर्याटकीय क्षेत्रको क्रमश म्एच तयार गरी पर्यटन विकासमा टेवा पुग्ने गरी कार्यक्रम तथा योजना तयार गरीने छ ।

- कृषिलाई आधुनिक तथा ब्यबसायिकरण गरी रोजगारी मार्फत गरीबि न्यूनिकरणमा टेवा पुऱ्याउने गरी कार्यक्रम तथा योजना तयार गरीने छ ।

- सार्वजनिक संपत्तिको पहिचान गरी संरक्षण र संबर्द्धन गर्ने ।

- सूचना प्रबिधिको विकास र विस्तार गरी सार्बजनिक सेवा प्रबाह लाइ छिटो, छरितो, चुस्त , दुरुस्त र पारदर्शि बनाउने ।

- शिक्षा, स्वास्थ्य, भाषा , संस्कृति, साहित्य र खेलकुदको संरक्षण एवं विकास गर्ने ।

- सार्बजनिक निजि साझेदारी नीति अबलम्बन तथा कार्यान्वयनमा जोड दिइ क्षेत्रगत उपलब्धी हासिल गर्ने ।

- खानेपानी, सरसफाइ र वातावरण संरक्षणमा अगुवा एबं नमुना गाउँपालिकाको रुपमा स्थापित गर्ने ।

- सबै वडा केन्द्र सम्म पुग्ने गरी सडकहरु ग्राभेल हुँदै कालो पत्रे गर्ने ।
- गाउँपालिकाको उपयुक्त स्थानमा सुविधा सम्पन्न अस्पताल स्थापना गर्ने ।

**ख. उदेश्य :**

- ❖ विकासका पूर्वाधारहरुको पहुँच र विस्तार बस्तिस्तर सम्म हुने गरी विकासका अवसरहरुलाई अधिकतम उपयोग गर्ने अबस्थाको सुनिश्चितता गर्ने ।
- ❖ समावेशी र समन्वायिक विकासको अवधारणा मार्फत विभिन्न क्षेत्र सम्प्रदाय वर्ग र लिङ्गको कोषमा स्रोत साधनमा पहुँच अभिबृद्धि गर्ने ।
- ❖ उत्पादनमुलक क्षेत्रमा व्यावसायिकता र उद्यमशिलताको विकास एवं सामाजिक परिचान मार्फत गरीवि न्युनीकरण गर्ने ।
- ❖ विकासको दृष्टिले पाछाडि परेका वडा एवं बस्तीमा प्राथमिकताका साथ विकास कार्यक्रम पुर्याइ जनाताको सामाजिक तथा आर्थिक विकासमा रुपान्तरण ल्याउने ।
- ❖ सुरक्षित एबं शुद्ध खानेपानी, सरसफाइ र स्वास्थ्य सम्बन्धी चेतनाको स्तर बृद्धि गरी दिर्घकालिन लक्ष्य प्राप्तिमा टेवा पुर्‍याउने ।
- ❖ कृषि एवं पर्यटनलाई ब्यबसायीकरण गरी आयआर्जनमा अभिवृद्धि गर्दै जनताको जिवनस्तर उकास्ने ।
- ❖ वातावरणमैत्रि स्थानीय शासनका सुचकहरुलाई कडाईका साथ अबलम्बन एबं कार्यान्वयन गरी वातावरण बचाउका अभियान लाइ आवश्यक वजेट विनियोजन गरीएको हुँदा उल्लिखीत कार्यक्रम कडाईका साथ कार्यान्वयन गरीने छ ।
- ❖ बालमैत्री स्थानीय शासनको प्रारुप र सुचकहरुलाइ अनिवार्य रुपमा कार्यन्वयन गरी बालवालिकाको अधिकारलाई सुनिश्चित गर्नको निम्त योजना छनौट प्रकृिया लगायत अन्य क्षेत्रमा बालवालिकाको अर्थपूर्ण सहभागिता गराइ गाउँपालिका क्षेत्रलाइ बालमैत्रि गाउँपालिका घोषणा गर्ने तर्फ सम्पूर्ण सरोकारवालाहरुसँग सहकार्य गरी वालवालिकाको क्षेत्रमा उच्चतम उपलव्धी हासिल गरीनेछ ।
- ❖ आयोजना तथा विकास कार्यक्रम संञ्चालन गर्दा सरोकारवालाहरु वीच सहकार्य र समन्वय गर्दै पादर्शिता, उत्तरदायित्व र जनसहभागिता बढाइ सुशासनको प्रत्याभूति ग्यारेन्टी गरीनेछ ।

- ❖ राष्ट्रिय सरसफाई रणनीति २०६८ का सुचकहरु अवलम्बन गरी गाउँपालिका क्षेत्रलाइ पूर्ण सरसफाईयूक्त क्षेत्र घोषणाका लागि गाउँपालिका स्तरिय सरसफाई सम्वन्धि रणनितीक योजना तयार भैसकेको हुँदा आगामी ५ वर्ष भित्र गाउँपालिकालाई पूर्ण सरसफाई यूक्त गाउँपालिका बनाईने छ ।

- ❖ कृषि तथा व्यापारलाई सहयोग पुग्ने गरी ज्वालामूखी चक्रपथ र पर्यटन मार्गको निर्माण गर्ने ।
- ❖ जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकिय क्षेत्रको नमुना गन्तव्य बनाउने ।
- ❖ जैविक विविधताको पहिचान सम्वर्द्धन एवं सम्बर्धन गर्ने ।
- ❖ भुकम्पवाट क्षतिग्रस्त व्यक्तिगत संरचनाहरुलाई निर्माण वर्षको रुपमा लिई प्रथम र दोस्रो किस्ता वुझिसकेका लाभग्राहीको निजी आवास निर्माण कार्यलाई तिव्रता दिई हालसालै सर्भे भएका छुट लाभग्राहीको किस्ता प्राप्तीका लागि पहल गरीनेछ ।
- ❖ प्रस्तावित वुढीगण्डकी जलविद्युत परियोजनावाट विस्थापित घरधुरी र समुदायलाई उचित स्थानमा एकीकृत वस्तीको व्यवस्था मिलाउन पहल गरीने छ । साथै पुनःस्थापना, पुनर्वास र पुनर्लाभको लागि सम्वन्धित सरोकारवाला पक्षसँग आवश्यक पहल गर्ने ।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाले अबलम्बन गरेका कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**क. आर्थिक विकास :**

- ❖ गाउँपालिकाको सिमित स्रोत र साधनबाट प्रत्यक्ष रुपमा आर्थिक विकासमा योगदान पुग्ने वृहत कार्यक्रम नभएतापनि अप्रत्यक्ष रुपमा साना तिना कार्यक्रमहरु भने सञ्चालन गरी केहि हद सम्म भए पनि आर्थिक विकासमा योगदान पुगेको महसुस गरीएको ब्यहोरा अबगत गराउन चाहन्छु ।

**ख. सामाजिक विकासः**

- शिक्षा, स्वास्थ्य, खानेपानी, महिला, बालबालिका, दलित, जनजाति, पिछडा वर्ग, सिमान्तकृत समूदाय अपांङ्गता भएका नागरीक तथा जेष्ठ नागरीकको उत्थान र विकासमा गाउँपालिका मार्फत सञ्चालन हुँदै आएको कार्यक्रम तथा योजनालाई अझ परिष्कृत गर्नुपर्ने आवश्यकता देखि उल्लेख्य वजेटको व्यवस्था गरीएको छ ।

- गाउँपालिकाले नियमित रुपमा वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित चुस्त, दुरुस्त र पारदर्शी तवरले वितरण गर्ने र लक्षित वर्गको लागि विनियोजित कार्यक्रम सोही अनुसार सञ्चालन भैरहेको छ । यसबाट लक्षित वर्गले प्राप्त गर्ने हक अधिकार र सामाजिक सुरक्षा भत्ता सहज रुपमा प्राप्त गरेको महशुस गरेको छु ।

- जेष्ठ नागरीक परिचय पत्र तयार एवं वितरण गरी बृद्ध बृद्धाको सम्मान गरी जेष्ठ नागरीक मैत्री गाउँपालिकाको रुपमा चित्रण गर्न आवश्यक रहेकोले अपाङ्गता परिचय पत्र वितरण कार्यविधि २०७५ र जेष्ठ नागरीक परिचयपत्र वितरण निर्देशिका २०७६ जारी भै कार्यान्वयनमा आईसकेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**ग. पूर्वाधार विकास :**

- गाउँपालिका क्षेत्र भित्रका मुख्य सडक ग्राभेल गरी बाह्रै महिना सवारी साधन सूचारु गर्नको खण्डीकृत रुपमा सडक ग्राभेल भै सवारी साधन सुचारु भैरहेको छ । साथै बाँकी स्तरोन्नती कार्य आगामी आ.व. मा सम्पन्न गर्नको लागि आवश्यक वजेट विनियोजन गरीएको छ ।

- योजना छनौट गर्दा च्भकगति द्घबकभम, एबिललष्लन एचयअभकक को मर्म र भावना समेटिने गरी छनौट गरीने छ ।

- योजना छनौट गर्दा आवश्यकता, यथार्थता, वास्तविकता, उपलब्धि र प्राथमिकताको आधार लाई मध्येनजर गरी छनौट गर्नुपर्ने छ ।

- गाउँपालिका भित्र रहेका नदी तथा खोला खोल्सीमा आवश्यकता अनुसार पुल तथा झोलुङ्गे पुल निर्माण गरीनेछ ।

- ❖ वडा कार्यालय मध्ये वडा नं. १ , ६ र ७ को लागि आवश्यक निशुल्क जग्गा प्राप्त भै सकेको हुँदा आगामी आ.व. मा जि.स.स. वाट प्राप्त हुने रकमवाट भवन निर्माण गरीनेछ । साथै गाउँपालिकाको प्रशासनीक भवनको लागि निशुल्क जग्गा प्राप्तीको कार्य अन्तिम चरणमा रहेको हुँदा आगामी आ.व. मा भवन निर्माण कार्य थालनी गरीने छ ।
- ❖ संभावित क्षेत्रहरुमा सिंचाई सुविधा उपलव्ध गराईनेछ ।
- ❖ वजार विस्तार तथा सडक विस्तारलाई प्राथमीकता दिईनेछ ।
- ❖ उर्जा क्षेत्रमा राष्ट्रिय गौरवको अत्याधुनिक जलासययुक्त बुढीगण्डकी जलविद्युत आयोजनाको थालनी एवं कार्यान्वियनको लागि सम्वन्धित क्षेत्रमा पहल गरीने छ ।

**घ. वातावरण तथा विपद व्यवस्थापन :**

- ❖ चालु आ.व. का लागि वातावरण तथा विपद व्यवस्थापनको क्षेत्रमा विनियोजन गरीएको वजेटवाट क्षती अनुसारको राहात वितरण गरी विपद व्यवस्थापनको क्षेत्रमा वजेट व्यवस्थापनको कार्यलाई निरन्तरता दिईएकोछ ।
- ❖ त्यस्तै भुकम्पबाट भत्केका निजी तथा सरकारी भवनको निर्माणमा आशातित प्रगति नभएतापनि आगामी आ.व. ०७६।७७ बाट यस तर्फ विशेष कार्ययोजनाका साथ अगाडि बढ्नु पर्ने हुन्छ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र हुन सक्ने वन अतिक्रमण कार्यलाई कडाईका साथ रोकथाम एवं नियन्त्रण गरीने छ ।
- ❖ विषादीहरुको प्रयोग निरुत्साहित गर्न जैविक मल तथा विषादि उत्पादन प्रणालीलाई प्रोत्साहित गर्ने ।
- ❖ विपन्न वर्गीय गरीव तथा जेहेन्दार विद्यार्थिका लागि छात्रवृति कोष स्थापना गराउने ।

**ङ. संस्थागत विकास तथा सेवा प्रवाह :**

- ❖ संविधान बमोजिम गाउँपालिका गठन भै कार्य संचालनमा आईसकेको अवस्थामा संस्थागत विकास गर्न गाउँपालिकाको लागि निशुल्क जग्गा प्राप्ति गर्ने कार्य अन्तिम चरणमा पुगेको हुँदा कार्यालयको आफ्नो सुविधा सम्पन्न भवन निर्माण, संघीय सरकारले सृजना गरेको दरवन्दी अनुसार आवश्यक कर्मचारी, प्रविधि तथा उपकरणको व्यवस्थापन गरी दैनिक प्रशासनिक लगायत अन्य सेवा प्रवाहलाई चुस्त, दुरुस्त र पारदर्शी बनाईनेछ ।
- ❖ त्यस्तै गरी संघिय सरकारबाट कर्मचारी नियुक्ति गर्ने गरी लोक सेवा आयोगमा कर्मचारी माघ गरीसकिएको हुँदा आगामी आ.व. देखि दरवन्दी वमोजिम कर्मचारी व्यवस्थापन भै सेवा प्रभाहमा सहज हुने जानकारी गराउन चाहन्छु ।

**च. वित्तिय व्यवस्थापन र सुसासन :**

- ❖ नयाँ स्थानीय तह भएता पनि संस्थागत विकासको लागि नेपाल सरकारको प्रचलित ऐन, नियम तथा नीति पालना गर्नुका साथै गाउँ सरकारले आवश्यक २५ वटा ऐन, नियम, विधि र निर्देशिका निर्माण भै नयाँ नीति तथा प्रविधि अपनाई वित्तिय व्यवस्थापन र सुसासन कायम गर्ने योजना तथा कार्यक्रम सञ्चालन गर्ने प्रयास गरीएको छ । साथै गाउँपालिकाले सबै प्रकारका वित्तिय अनुशासन कायम हुने कार्य  गर्नुका साथै समयमा नै वित्तिय प्रतिवेदन पेश गर्ने कार्य गर्दै आएको छ ।
- ❖ विगत देखि नै रहि रहेको पेश्की बेरुज घटाउनको लागि पेश्की बेरुजुको लगत तयार गरी वेरुजु फछ्र्योट प्रणलीलाई बैज्ञानिक विधि अपनाई पेश्की बेरुजु फछ्र्योट गरीने छ ।

**सभाध्यक्ष महोदय,**

अव म यस गाउँपालिकाको आगामी आ.व. २०७६/०७७ को नीति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको दीर्घकालिन सोंच (ख्ष्कष्यल), लक्ष्य (न्यबी) र उद्देश्य (इदवभअतष्खभ) को बारेमा छोटो प्रस्तुत गर्दछु ।

**ज्वालामूखी गाउँपालिकाको दिर्घकालिन सोंच** (ख्ष्कष्यल) : “**शिक्षा, स्वास्थ्य, कृषि , पर्यटन र पूर्वाधार – समृद्ध ज्वालामूखीको मूल  आधार**” रहेको छ ।

**लक्ष** (न्यबj): **जैविक कृषि उत्पादन, पर्यटन र व्यापार**बाट नागरीकको आयस्तरमा उल्लेखनीय रुपमा बृद्धि गर्दै पाँच बर्ष भित्रमा मध्यम आय भएका देशका नागरीक सरह बनाउने ।

**उदेश्य** (**इदवभअतष्खभ**) : गाउँपालिकाको **अल्पकालिन, मध्यकालिन र दिर्घकालिन** नीति तयार गरी सोहि अनुसार योजना सहित अघि बढ्ने ।

**सभाध्यक्ष महोदय,**

अब म यस ज्वालामूखी गाउँपालिकाले आ.ब.२०७६/०७७ मा अबलम्बन गर्ने नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

**क) पूर्वाधार विकास**

- ❖ पाल्पा भञ्ज्याङ - हुलाक भञ्ज्याङ-, ढोला मैदी सडक ससाह, अमराई - मैदी, रातमाटे सडक, हुलाक भञ्ज्याङ-चैनपुर-बाङ्गेरह, बुङकोटघाट सडक,साधभञ्ज्याङ- खरी- बुङकोटघाट सडक समेटेर सहज आगमनका लागि बाह्रै महिना सवारी साधन चल्ने (बी धभबतजभच च्यचबी च्यबमक) बनाउनुका लागि सडकको ग्राभेल गर्ने कार्य अन्तिम चरणमा पुगेको हुँदा उक्त कार्य सम्पन्न गर्नका साथै कालो पत्रे गर्ने तर्फ समेत सरोकारवाला निकायसँग समन्वय गरी अगाडी बढिनेछ ।
- ❖ गत आ.व. देखि सञ्चालन हुँदै आएका योजनाहरुलाई प्राथमिकता दिई समयमा सम्पन्न गर्ने गरी वजेटको विनियोजन गरीनेछ । सडकको मापदण्ड अनुसार सडक निर्माण गर्न पहल गर्ने, सडक स्तरोन्नती गर्ने जस्ता कार्यहरु गरीनेछ ।
- ❖ सडकहरुको नियमित मर्मत सम्भार गरी यातायात सुचारु गर्न मर्मत सम्भार कोषको व्यवस्था गरीनेछ । सोको लागि केही रकम विनियोजन गरीएको छ ।
- ❖ सडकको दाँया वायाँ बृक्षारोपण गर्ने कार्यलाई अगाडि बढाइनेछ । एक घर पाँच रुखको अवधारणा ल्याई बृक्षारोपण गर्ने अवधारणालाई अगाडि बढाइने छ ।
- ❖ बुढीगण्डकी चक्रपथ तथा करीडोरको निर्माण गरी पर्यटकीय सडक निर्माण कार्यलाई अगाडि बढाइनेछ । यसबाट यस

गाउँपालिकाको आर्थिक विकासमा उल्लेखनीय फड्को मार्न सकिने छ। साथै बुढीगण्डकी जलासययूक्त परियोजनावाट विस्थापित हुने समुदाय र वर्गलाई पुर्नवास, एकिकृत वस्ती विकास तथा पूर्नलाभको कार्यक्रमका लागि सम्वन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय गरी कार्यक्रम अगाडी वढाईनेछ।

❖ सुरक्षित पर्यटकिय गाउँको अवधारणाको विकास गर्दै होमस्टे, भ्यूटावर र पिकनिक स्पोर्ट लाई प्रभावकारी रुपमा सञ्चालन गर्न अध्ययन, अनुसन्धान र विविध तालिम कार्यक्रम सञ्चालन गर्दै पूर्ण सुरक्षित गाउँको रुपमा विकास गरीनेछ।

❖ ज्वालामूखीको पहिचान झल्कने गरी सडकका आधारभूत पूर्वाधारसहित व्यवस्थित पक्की नालासहित सडक कालोपत्रे गरी नमूना सडकको रुपमा विकास गरीने छ।

❖ ज्वालामूखी गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरुको न्यूनतम मापदण्ड (च्यबम ल्यचकक)/सडकको क्षेत्राधिकार (च्ष्नजत या धबथ) को अवधारणको कार्यान्वयन थालनी भै सकेको हुँदा थप कार्यविधि वनाई यस कार्यलाई कडाइका साथ कार्यान्वयन गरीनेछ।

❖ गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न गाउँ यातायात गुरुयोजना (च्गचर्बा त्चबलकउयचत :बकतभच एबिल(च्त्ःए) तयार गरी कार्यान्वयन गरीने छ। गाउँपालिकाले निर्माण गर्ने सडकहरुको वर्गीकरण गरी कालोपत्रे, सडक ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरी उक्त सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग आबश्यक समन्वय र सहकार्य गरी म्एच तयार गरी व्यवस्थित गरीनेछ।

❖ गाउँपालिकाको लागि निःशुल्क जग्गा प्राप्ति गर्ने कार्य अन्तिक चरणमा पुगेको हुँदा उक्त जग्गा ब्यबस्था गरी गाउँपालिकाको सुविधा सम्पन्न भवन निर्माण कार्य अगाडि बढाइने छ।

❖ सडकका योजना कार्यान्वयन गर्नु पूर्व म्एच, सर्भे डिजाइन तथा लगत इष्टिमेट पछि मात्र सञ्चालन गरीने नीति कडाईका साथ लागू गरीने छ।

- ❖ गाउपालिका क्षेत्र भित्र आबश्यक र उचित स्थानमा पर्यटकिय हिसाबले महत्व राख्ने भ्यू टावर निर्माणाधिन कार्यको थालनी भैसकेको हुँदा उक्त योजनालाई सम्पन्न गर्न गराउन सरोकारवाला निकायसँग वजेट माग गर्न पहल गरीनेछ ।
- ❖ उपभोक्ता समितिका कुनै पनि पदाधिकारी एउटा योजना सम्पन्न भई फरफारक नभए सम्म अर्को योजनाको उपभोक्ता समितिको कुनै पनि पदमा बसेर काम गर्न नपाउने नीति लाइ कडाइका साथ लागु गरीनेछ ।
- ❖ विकास योजनाहरुमा जनसहभागिता वापत स्थानीय उपभोक्तावाट १० प्रतिशत नगदै लागत सहभागीता अनिवार्य ब्यहोर्नु पर्ने नीति अवलम्बन गरीनेछ ।
- ❖ पूर्बाधार (सडक, खानेपानी, बिद्युत, सिँचाई) तर्फका नयाँ योजना कार्यक्रमलाई बार्षिक बिकास कार्यक्रममा समावेश गर्दा निश्चित प्रथमिकता निर्धारण गर्नुका साथै उपलब्ध श्रोतबाट सम्पन्न हुनेगरी अधुरा योजनालाई सञ्चालनमा ल्याउने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्बन गरीने छ ।
- ❖ बाटोघाटो, सिँचाई कूलो लगायतका भौतिक पूर्बाधारका योजना बनाउँदा भू-क्षय नहुने, पानीका मुहान एवं बन वातावरणमा प्रतिकुल असर नपर्ने गरी योजना संचालन गर्ने नीति अवलम्बन गरीनेछ ।
- ❖ सौर्य सडक बत्तीको ब्यवस्थापन, बसपार्क ब्यवस्थापान, वजार क्षेत्रको फोहोर ब्यवस्थापन कार्य अगाडि बढिरहेको हुँदा उक्त कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिईने छ ।
- ❖ गाउँपालिका विकास सम्बन्धी विस्तृत अध्ययन अनुसन्धान गरी व्यवस्थित तथा वैज्ञानिक गाउँ विकास (त्यधल एबिललष्लन) को नीति लिइनेछ ।
- ❖ भू-उपयोग योजना, (ीबलम एययष्लिन) कार्यकम, आवधिक वार्षिक योजना, राष्ट्रिय भवन संहिता, सडक मापदण्ड निर्धारणजस्ता कार्यकम तयार गरी लागु गर्न प्राथमिकता दिइनेछ ।

- ❖ आवधिक गाउँपालिका स्तरिय विकास योजनाको लक्ष्य, उद्धेश्य, रणनीति तथा सूचकहरुसंग तालमेल तथा नेपाल सरकारबाट प्राप्त मार्गदर्शनलाई समेत पालन गरी योजना बनाईने छ ।
- ❖ सडक निर्माणको नयाँ ट्र्याक खोल्दा विनियोजित बजेटको कम्तीमा ३ प्रतिशत रकम विनियोजन गरी बाताबरण संरक्षणमा खर्च गर्नु पर्ने गरी योजना तयार गरीनेछ ।
- ❖ गाउँपालिकाको सवै वडा र वस्तीमा विस्तारित विद्युत प्रवाहको कार्यलाई थप व्यवस्थित गर्न सवै काठे पोलको स्थानमा फलामे पोल व्यवस्थापन गरी आवश्यक स्थानमा थप ट्रान्समिटरको व्यवस्था मिलाईने छ । यसका लागि चालु आ.व. मा विद्युतीय पोल र तार खरिद गरीएकोमा उक्त कार्यलाई निरनतरता दिन थप वजेट विनियोजन गरीएकोछ ।
- ❖ सडक निर्माण गर्दा खानेपानी, सिंचाइ तथा अन्य पूर्वाधार योजनाहरुमा क्षति पुऱ्याएको अवस्थामा सोही योजना संचालन गर्ने निकाय बाटै पुनः निर्माण गर्नु पर्नेछ । सडक निर्माण गर्दा विद्युत पोल तथा तारलाई असर पर्ने भएमा सम्बन्धित कार्यालयसंग समन्वय र सहमति गरेर मात्र ग्रामिण विद्युतीकरण कार्यलाई अगाडी वढाइनेछ ।
- ❖ सडक निर्माण गर्न भारीउपकरण जस्तैः डोजर, स्काभेटर, जे.सि.वी. प्रयोग गर्दा जिल्ला वन कार्यालय सँगको समन्वयमा कार्य गर्ने गरी योजना बनाइनेछ ।
- ❖ विगत आर्थिक वर्षहरुमा संचालन भएका क्रमागत योजनालाई प्राथमिकता दिइनेछ ।
- ❖ खाद्य सुरक्षा अनुकुल योजना निर्माण गरीनेछ ।
- ❖ उपभोक्ता तथा ठेक्कापट्टाबाट हुने निर्माण कार्यको अन्तिम रकम भूक्तानी दिँदा तोकिएको आवश्यक कागजातका साथै सार्वजनिक परिक्षण र सम्वन्धित योजनाको अनुगमन समितिको सिफारिश समेतलाई अनिवार्य गरीने कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ उपभोक्ता समितिले गर्ने आयोजना/योजनाको निर्माण कार्य ठेक्काद्वारा गर्ने गराइने गरेको पाइएमा यस्तो कार्यलाई कडाइका साथ अनुगमन गरी यस प्रकारको कार्यलाई पूर्ण निरुत्साहित गरीने छ । साथै त्यस्ता काम गर्ने उपभोक्ता समितिका पदाधिकारीलाई कालो सुचिमा राखी उ.स.को पदाधिकारीवाट हटाईनेछ ।
- ❖ भुकम्प प्रतिरोधात्मक पूर्वाधार निर्माणमा जोड दिईनेछ ।

- ❖ स्वीकृत कार्यक्रमहरु आ.व.को माघ मसान्त भित्र संझौता गरी जेष्ठ मसान्त भित्र सार्वजनीक लेखा परिक्षण गराई जाचँपास र फरफारक गर्ने कार्यलाई अनिवार्य गरीनेछ ।
- ❖ विकास निर्माणका काममा सकेसम्म स्थानीय श्रमप्रधान प्रविधिलाई जोड दिने र कार्यक्रमको संचालन र मर्मत संभारको कार्य समुदायबाट नै गराउनु पर्ने छ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र यस अघि सडकको क्षेत्राधिकारको अवलम्वन तथा साँध सिमाना लगायत कुनै पनि विषयमा विवाद एवं किचलो नभइ निर्माण सम्पन्न भइसकेका घर भवनको नियमानुसार शुल्क लिई नक्सा प्रमाणित गरीनेछ र यस पछि निर्माण हुने घर, भवनको लागि स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नियमानुसारको प्रक्रिया पूरा गरी घर, भवन निर्माण पूर्ब नै अनिबार्य रुपमा नक्सा पास गर्नु पर्ने कार्यलाइ कडाइका साथ लागू गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक पूवाधारतर्फ प्रयोग हुने भारी उपकरण (डोजर, जे.सि.वी., रोलर, एक्साभेटर) अनिवार्य रुपमा गाउँपालकिामा नियमानुसार सूचिकृत भएको लाई मात्र प्रयोग गर्न दिइने तोकीएको समय भन्दा पछि सूचिकृतलाई काम गर्न तोकिएको दस्तुरको दोब्बर शुल्क लिईनेछ ।
- ❖ रु. एकलाख भन्दा माथिका योजनाका लागि योजना स्थलमा अनिवार्य रुपमा योजना सूचना पाटी राख्नु पर्ने व्यवस्था गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक पूर्वाधारमा गा.पा.को भारी उपकरण प्रयोग गरी "**ज्वालामूखी को पूजी ज्वालामूखी भित्रै**" भन्ने नारालाइ कार्यान्वयनमा ल्याइनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र उपयूक्त स्थानको खोजि गरी बिलम षमि कष्तभ निर्माणको पूर्वाधार तयार गरी निर्माण कार्य अधि बढाइनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरुको पहिचान गरी संरक्षण गर्ने कार्यक्रम ल्याइनेछ । यस तर्फ सरोकारवाला सबैको सहयोग हुने अपेक्षा लिएकोछु ।

❖ गाउँपालिका क्षेत्र भित्र प्रयोग हुने भारी उपकरणको दर निम्न वमोजिम निर्धारण गरीएको छ ।

**निम्न**

**राजस्व परामर्श समितिको सुझाव एवं प्रतिवेदन अनुसार**

१. एक्साभेटर ए। ऋ। २०० भन्दा माथि वकेट प्रति घण्टा भ्याट विल सहित रु. ५०००।-
२. एक्साभेटर ए। ऋ। २०० भन्दा माथि ब्रेकर प्रति घण्टा भ्याट विल सहित रु. ६०००।-
३. एक्साभेटर ए। ऋ। १०० भन्दा माथि १०० देखि २०० सम्म भ्याट विल सहित रु. ३८००।-
४. व्क्ष्च्द्य प्रति घण्टा भ्याट विल सहित रु.२३००। -

❖ उपरोक्त दररेट बमोजिम ईच्छुक भारी उपकरण कम्पनी वा व्यक्तिसँग प्रतिस्प्रधाको माध्ययमवाट सबै भन्दा कम दर रेटमा काम गर्ने कम्पनी वा व्यक्ति मार्फत काम गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरीनेछ ।

❖ गाउँपालिका क्षेत्र भित्र संचालन हुने सम्पूर्ण आयोजनाहरुको अनुगमन मापदण्ड तयार गरी कडाईका साथ अनुगमन गरेर मात्र भूक्तानी दिने परिपाटीलाई लागु गरीनेछ ।

❖ गाउँपालिका क्षेत्र भित्र सम्पन्न गरीने निर्माण सामाग्री ढुवानी लगायत दक्ष अदक्ष ज्यामीको गाउँपालिका स्तरीय दररेट निर्धारण गरेर मात्र कार्यान्वयनमा ल्याईने छ ।

❖ गाउँपालिका क्षेत्र भित्र आवश्यक स्थानमा लिफ्ट खानेपानी आयोजना संचालन गर्न सौर्य वत्तीको व्यवस्था गरीनेछ ।

❖ गाउँपालिकाको वजार क्षेत्र भित्रका आवश्यक स्थानमा सोलार( सडक वत्ती) को थालनी भैसकेको हुँदा उक्त कार्यलाई थप व्यवस्थापनको लागि वजेट विनियोजन गरीने छ ।

**ख) सामाजिक विकास**

❖ गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषणा भइसकेको अवस्थालाई मध्यनजर गर्दै आगामी दिनमा यस गाउँपालिकालाई पूर्ण

सरसफाइ युक्त गाउँपालिका घोषणा गर्ने गरी आवश्यक गाउँपालिका स्तरीय सरसफाई सम्वन्धी रणनीति योजना तयार भैसकेको हुँदा आवश्यक थप नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

❖ गाउँपालिकालाई बालमैत्री गाउँ घोषणा गर्न पुरा गर्नुपर्ने सबै सूचकहरुको बारेमा सम्बद्ध सवै सरोकार निकाय र समुदाय विच सहकार्य गर्दै आवश्यक पूर्वाधार विकास सहित, सामाजिक विकासका गतिविधि गर्न आगामी आर्थिक बर्षबाट तदारुकताका साथ कार्यक्रम तथा योजना सञ्चालन गरी गाउँपालिकालाई वाल मैत्री गाउँपालिका घोषणा गर्ने गरी कार्यक्रम तथा योजनाहरु सञ्चालन गरीने छ ।

❖ गाउँपालिकामा एक सुविधा सम्पन्न अस्पताल स्थापना गर्ने तर्फ योजना बनाई आ.व. ०७६।७७ बाट शुरु गरीनेछ । हरेक वडामा स्वास्थ्य चौकी सञ्चालन गरीनेछ साथै वडामा स्वास्थ्य सेवाको पहुँच नपुगेका स्थानहरुमा सामुदायिक स्वास्थ्य एकाई तथा समुदायमा आधारित स्वास्थ्य सेवा विन्दु स्थापना गरीनेछ । स्वास्थ्य चौकीहरु, एकाई तथा विन्दुहरुको सञ्चालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकासमा सहयोग पुचाउने लगायत समग्र स्वास्थ्य क्षेत्रको विकासको लागि विभिन्न गैर सरकारी संस्थाहरु तथा सरकारी निकायसँग साझेदारी तथा सहकार्य गर्दै कार्यक्रम सञ्चालन गरीनेछ ।

❖ गाउँपालिका क्षेत्र भित्रका सबै शिक्षण संस्थाहरुको सूची तयार गरी उक्त संस्थाहरुको अनुगमन तथा मुल्याङकन गरीनेछ । सामुदायीक विद्यालयहरुमा प्रभावकारी प्रारम्भिक बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहन गरीनेछ । ती केन्द्रहरुमा बालमैत्री गाउँ स्थापनाको सूचक वमोजिम कृयाकलाप समेत सञ्चालन गरीनेछ ।

❖ विद्यालय भर्नादर बृद्धि गर्ने तथा कक्षा छोड्ने दर न्यून गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरीनेछ । साथै सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र

सहकार्यमा औपचारिक शिक्षाबाट बञ्चित बालबालिका तथा बयस्कका लागि अनौपचारिक शिक्षाको कक्षा सञ्चालन गरीनेछ ।

❖ गाउँपालिका क्षेत्र भित्र हरेक वर्ष एस. ई. ई. मा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयका छात्र/छात्रा १।१ जनालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

❖ एकल महिला, अपाँङ्गता भएका ब्यक्ति, द्धन्द पिडित, घरवार विहिन, तथा अति गरीब लगायत आर्थिक सामाजिक रुपमा पछाडि परेका परिवारका सदस्यहरुलाई स्वरोजगार मूलक तालिम सञ्चालन गर्नका लागि वजेटको विनियोजन गरीएको हुँदा उक्त कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

❖ गाउँपालिका क्षेत्र भित्रका विद्यालयको नक्साङ्कन तयार गरी विशिष्टिकृत कार्यविधि तथा मापदण्ड तयार गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यलाई बैज्ञानीक प्रणाली अपनाई शैक्षिक क्षेत्रको थप व्यवस्थापन र गुणस्तरीय शिक्षामा जोड दिईने छ ।

❖ विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण स्थापना गर्न सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामाग्री, प्रयोगशाला, खानेपानी, छात्र छात्राका लागि छुट्टाछुट्टै शौचालय, अपाङ्ग शौचालय, खेलकुद सामाग्री व्यवस्था जस्ता न्यूनतम पूर्वाधारमा ध्यान दिइ गुणस्तरीय पठनपाठन कार्यलाई अगाडि बढाइनेछ । यसको लागि आवश्यक वजेट विनियोजन गरीएको छ ।

❖ भुकम्पबाट क्षति भएका विद्यालय तथा स्वास्थ्य चौकी भवनहरुको पुन : निर्माणको लागि राष्ट्रिय पुन : निर्माण प्राधिकरणसँग समन्वय गरी तदारुकताका साथ उक्त भवनहरु निर्माण गर्नका लागि सरोकारवालाहरु सँग पहल गरीनेछ ।

❖ लक्षित वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउन र विकासमा सहजिकरणको भूमिका निर्वाह गर्न आवश्यकता अनुसार गाउँपालिकामा महिला संजाल, युवा संजाल, बाल संजाल, दलित, आदिवासी जनजाति संजाल गठन गरीनेछ । यी समन्वय समितिहरुलाई लक्षित वर्गको लागि सञ्चालन भएका

कार्यक्रमहरुको अनुगमन, मुल्याङ्कन तथा सहजीकरण कार्यमा सहभागी गराईने छ ।

- ❖ महिला स्वयंसेविकाहरुको कार्यलाई प्रोत्साहित गर्दै प्रजनन् स्वास्थ्य सुदृढीकरणमा जोड दिइनेछ ।
- ❖ गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरुको स्तरोन्नती गर्न आवश्यक पहल गरीनेछ ।
- ❖ गाउँपालिकाको भोगोलिक बनावटलाई दृष्टिगत गरी अर्गानिक तरकारी खेती, वेमौसमी तरकारी खेती, पुष्प खेती, पशुजन्य उत्पादनका लागि कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- ❖ कृषिलाई व्यावसायिक वनाउन खोज अनुसन्धान गर्ने र एक गाउँ एक उत्पादन गर्ने नीति अवलम्बन गरीनेछ ।
- ❖ कृषि उपज संकलन तथा विज भण्डारण (क्भभम द्यबलप) स्थापना गरी गै.स.स एवं निजी संस्थाहरुको साझेदारीलाई अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- ❖ डेरी पकेट कार्यक्रम तथा व्यावसायिक पशुपालन कार्यक्रमको प्रवर्द्धन गरीनेछ ।
- ❖ गोठ सुधार, नश्ल सुधार जस्ता कार्यक्रमलाई अगाडि बढाउने नीति लिइनेछ ।
- ❖ महिला समुह तथा महिलाद्वारा संचालित सहकारी संस्थाहरुको क्षमता विकासमा जोड दिइने छ ।
- ❖ गाउँपालिकाका योजना तर्जुमा गर्दा गरीवी निवारणमा सघाउ पुग्ने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भई प्रतिफल दिने, कम लगानीवाट बढी जनसंख्यालाई लाभ पुर्‍याउने, तथा जनसहभागिता जुट्न सक्ने किसिमका आयोजनालाई प्राथमिकता दिइनेछ ।
- ❖ विपन्न लक्षित समुहका लागि आयमुलक तथा सीपमुलक कार्यक्रम गैरसरकारी संस्था समेतको साझेदारीमा संचालन गरीने छ ।
- ❖ वाल विकास केन्द्र र विद्यालयस्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्न बाल मैत्री पूर्वाधार तथा भौतिक निर्माणमा जोड दिईनेछ ।

- ❖ प्राथमिक उमेर समुहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गराउन वडा समिति मार्फत प्रोत्साहित गरीनेछ ।
- ❖ महिला हिंसा विरुद्ध जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरीनेछ ।
- ❖ लैङ्गिक समानता तथा सामाजिक सामाजिक समावेशीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरीनेछ ।
- ❖ विकास निर्माण कार्यक्रमा महिलाहरुको पहुँच अभिवृद्धि गरीनेछ ।
- ❖ सवै वडाहरुमा वाल क्लव, युवा क्लव गठन र विस्तार गरी वालवालिकाको हक अधिकार स्थापित गर्नको लागि विकास निर्माणका हरेक निर्णयमा वालवालिकाको अर्थ पूर्ण सहभागिता अनिवार्य गरीनेछ ।
- ❖ आदिवासी जनजातिहरुको संस्कृति तथा परम्परा संरक्षण, जनजातिहरुका साँस्कृतिक स्थल तथा सम्पदाहरुको संरक्षणका लागि कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- ❖ दलितहरुको समान हक र अधिकारको प्रवर्द्धन निर्णय प्रकृयामा समेत समावेशीबरण र उनीहरुको संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ ।
- ❖ विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृति र परम्परामा आधारित मठ मन्दिर, गुम्वा, चर्च, मस्जिद विहार जस्ता सम्पदा तथा असल संस्कृतिको प्रवर्द्धधनमा जोड दिइनेछ ।
- ❖ दलित वर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- ❖ सबै योजनामा लाभान्वित हुने दलित वर्गको सहभागिता सुनिश्चित गरीनेछ ।
- ❖ गाउँपालिकामा रहेका संभावित पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन गुरुयोजना तयार भै सकेको हुँदा सोही अनुसार कार्यान्वयन गरीनेछ ।
- ❖ पर्यटन प्रवर्दनका निम्ति मूख्य आधारको रुपमा रहेको होटल तथा होमस्टे व्यवसायलाई प्रोत्साहन गर्न उपयुक्त वातावरण सिर्जना गरीनेछ ।

- ❖ फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सशक्तिकरण कार्यक्रमहरु तथा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- ❖ युवाहरुका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न आवश्यक पहल गरीनेछ ।
- ❖ सार्वजनिक जग्गामा बृक्षारोपण गर्ने नीति लिइ वातावरण संरक्षण गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैरसहकारी संस्थाले कार्यक्रम गर्नु पुर्ब अनिवार्य रुपमा गाउँपालिका संग अनुमति लिई सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने नीति लाई कडाईका साथ लागु गरीनेछ ।
- ❖ गाउँपालिकाको वडा नं.५ स्थित श्री अन्नपूर्ण मा.वि. ज्वालामूखी ५ खरी घलेडाँडामा पशु विज्ञान प्राविधिक शिक्षालय यसै आर्थिक वर्षवाट शुरु भैसकेको र अन्य वडाको हकमा पनी भिन्न भिन्न विषयको प्राविधिक शिक्षालय स्थापना गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यलाई आवश्यक वजेट विनियोजन गरीएकोछ ।
- ❖ सवै वडा तह सम्म सञ्चालित विद्यालयहरुमा गुणस्तरिय शिक्षाको प्रत्याभुत गरीनेछ ।
- ❖ बाल मृत्युदर उल्लेखनिय रुपमा घटाउन आवश्यक नीतिहरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- ❖ विद्यालय सम्म सबै बालवालिकाको पहुँच पुग्ने गरी नीति वनाई कार्यान्वयन गरीनेछ ।
- ❖ यस गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालयहरुमा सि.सि. क्यामेरा र विद्युतीय हाजिरी प्रणालीलाई लागु गरीनेछ (कर्मचारी तथा शिक्षक) यसले सार्वजनिक सेवा तथा क्षमता विकासमा ठुलो टेवा पुग्नेछ ।
- ❖ सवै विद्यालयहरुमा शुद्ध तथा स्वच्छ पिउने पानीको परिक्षण र सो को आवश्यक व्यवस्थापन गर्ने आवश्यक पहल गरीनेछ ।
- ❖ वाल विवाह, अनमेल विवाह जस्ता सामाजिक विकृति विसङ्गतिलाई न्यूनीकरण गर्न सचेतना मूलक कार्यक्रम कडाईका साथ संचालन गरीने छ ।
- ❖ वालवालिकाहरुको पोषणको स्थिती कमजोर देखिएकोले कुपोषण हटाउने किसिमका कार्यक्रम तयार गर्न प्राथमिकता दिने ।

- ❖ गाउँपालिका क्षेत्र भित्र उच्च शिक्षा सञ्चालन गर्ने क्याम्पस, तालिम केन्द्र जस्ता प्राज्ञिक विषयहरु सञ्चालनमा इच्छा जाहेर गर्ने राष्ट्रिय स्तरका निकायहरुसँग सहकार्य गर्ने नीति लिईने छ । यसको लागि आ.व. ०७६।७७ देखि सार्वजनिक नीजी साझेदारीको अवधारणा अगाडि बढाइनेछ ।

- ❖ गाउँपालिकालाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थानीय तहहरुसँग भगिनि सम्बन्ध कायम गर्ने नीति लिइनेछ । यस कार्यमा गाउँपालिकाको विशेषता र विशेष पहिचान उजागर हुने गरी प्रकाशन सामाग्री तथा डकुमेन्ट्री तयार गरीने छ । साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध विस्तार गर्न आवश्यक वजेटको व्यवस्था गरीनेछ ।

- ❖ गाउँपालिका भित्र संचालन हुने प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिकहरु र खोप क्लिनिकहरुको भवन निर्माण गरी सेवा व्यवस्थापनमा जोड दिईनेछ ।
- ❖ स्वास्थ्य सेवा प्रदान गर्ने निकायहरुमा नियमित र प्रभावकारी एवं गुणस्तरिय सेवा संचालनका लागि दक्ष प्राविधिक कर्मचारी व्यवस्थापन गर्न आवश्यक पहल गरीनेछ ।
- ❖ गाउँपालिका भित्रका सवै स्वास्थ्य संस्थाहरुमा किशोरकिशोरी मैत्री प्रजनन् स्वास्थ्य सेवा क्लिनिक संचालन गरीनेछ ।
- ❖ सवै वडामा भएका विद्यालयहरुमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन (विद्यालय स्वास्थ्य तथा पोषण, महिनावारी सरसफाई, सेनिटरी प्याड वितरण, पोषण, परिवार नियोजन, सरुवा रोग, खोप आदि ) गरी स्वास्थ्य सम्वन्धि सचेतना प्रदान गरीनेछ ।
- ❖ महिला स्वास्थ्य स्वयंसेविकाहरुको कोषको अभिवृद्धि तथा क्षमता विकास तथा दीर्घ सेवा विदाईलाई व्यवस्थित वनाईनेछ ।
- ❖ स्वास्थ्य सम्वन्धि विभिन्न कार्यक्रमहरु संचालन गरीनेछ ।
- ❖ स्वास्थ्य शिक्षा, सूचना तथा संचार सामग्रीहरुको छपाई, तयारी, प्रकाशन तथा वितरणको व्यवस्था मिलाईनेछ ।
- ❖ स्वास्थ्य सम्वन्धि अन्य सचेतना फैलाउन सडक नाटक, प्रर्दशनी, तालिम, क्षमता विकासका गतिविधिहरु साथै आवश्यकता अनुसारको रेडियो कार्यक्रमहरु संचालन गरी स्वास्थ्य सम्वन्धि विविध विषयमा सामाजिक सचेतीकरण गरीनेछ ।

- ❖ स्वास्थ्य सम्वन्धि विभिन्न घुम्ती शिविरहरु ( आँखा, नाक, कान, घाँटी, सामान्य चिकिल्सा, छाला ) लगायत परिवार नियोजन सम्वन्धि शिविरहरु संचालन गरी स्वास्थ्य सेवाको पहुँच वृद्धि गरीनेछ ।
- ❖ स्वास्थ्य सम्वन्धि सेवाहरुको प्रगतिको नियमित रुपमा अर्धवार्षिक र वार्षिक समिक्षा गरी सहभागितामुलक योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिईनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र रहेका नसर्ने रोगका विरामीहरुको लगत संकलन गरी समय समयमा स्वास्थ्य परिक्षण शिविर, औषधी उपचारको सहज व्यवस्था र सकारात्मक जीवनशैली सम्वन्धी सचेतना शिक्षा साथै उपचार सहुलियतको लागि कोषको स्थापना गरीनेछ साथै नसर्ने रोग सम्वन्धी सामाजिक सचेतनामुलक कार्यक्रमलाई विशेष जोड दिईनेछ ।।
- ❖ स्वास्थ्य उपचारमा सहज पहुँच स्थापना गर्न स्वास्थ्य विमा संभाव्यता अध्ययन गरी सो को कार्यान्वयनमा विशेष जोड दिईनेछ ।
- ❖ गाउँपालिका स्तरमा कार्यरत विभिन्न संघ संस्थाहरुसँगको समन्वयमा वडा स्तरमा एकिकृत सामुदायिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याईनेछ ।
- ❖ महिला स्वास्थ्य स्वयंसेविकाहरुवाट आमा समुहमा नियमित पोषण प्रवर्द्धन लगायत अन्य स्वास्थ्य प्रवर्द्धन तथा सरसफाईका कार्यक्रमहरु संचालनमा जोड दिईनेछ ।
- ❖ गाउँपालिकाका सवै वडाहरुलाई क्रमशः घरमा सुत्केरी शुन्य ( शत प्रतिशत संस्थागत सुत्केरी गराउने ) वडा घोषणाका लागि आवश्यक कार्यक्रमहरु संचालन गरी गाउँपालिकालाई शत प्रतिशत संस्थागत सुत्केरी गराउने गाउँपालिका घोषणा गरीनेछ ।
- ❖ गाउँपालिकाका सम्पूर्ण वडाहरुमा पूर्ण खोप सुनिश्चितता र दीगोपनाको लागि आवश्यक कार्यहरु प्राथमिकताका साथ संचालन गरीनेछ ।
- ❖ आमा समुहहरुको प्रभावकारी संचालनको आमा समूह संजाल निर्माण गरी समूहको वचत तथा ऋणलाई वडा स्तरमा भएका सहकारी मार्फत परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

- ❖ कम उमेरमा विवाह, कम उमेरमा गर्भवती हुनेको संख्या घटाउनको लागि सामुदायिक सचेतनाका कार्यक्रम संचालन गरीनेछ ।
- ❖ वाल क्लवहरु, आमा समुहहरु र समुदाय स्तरमा भएका अन्य समुहहरुको प्रभावकारी परिचालन गरी प्रतिकारात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सम्वन्धी क्रियाकलापहरु संचालन गरीनेछ ।
- ❖ सवै वडामा संचालनमा रहेको सुरक्षित प्रसुती सेवालाई व्यवस्थित वनाईनेछ । प्रसुती प्रतिक्षालय घर, आकस्मिक सुरक्षित प्रसुती कोष साथै जन्म केन्द्रको लागि आवश्यक औजार तथा उपकरणको सहज व्यवस्थापनका लागि आवश्यक कार्यहरु गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्रै रोजगारको श्रृजना गरी जनशक्ति विदेश पलायन हुनवाट रोकिनेछ । स्तरीय बैदेशिक रोजगारीमा जान चाहने जनशक्तिलाई निजको क्षमता अनुसार आवश्यक अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रम गराएर मात्र विदेश तर्फ जाने वातावरण सिर्जना गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र कम्तिमा एकवटा विषयगत प्राविधिक शिक्षालय स्थापना गरी रोजगारीको सिर्जना एवं कृषकहरुको आयआर्जनमा वृद्धि गर्ने गरी आवश्यक वजेट विनियोजन गरीएकोछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र रहेको सम्पूण आधारभूत विद्यालयको वाल शिक्षामा सुधार ल्याउन आवासीय विद्यालयको ढाँचा अनुरुप कार्यक्रम तयार गरीने छ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र एक गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण गरी गाउँपालिका क्षेत्र भन्दा वाहिरका खेलाडीहरुलाई समेत आर्कषण गर्ने गरी खेलकुद क्षेत्रको विकास गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्रभित्र आवश्यकता पहिचान गरी उपयुक्त एवं आवश्यक स्थानमा लिफ्ट सिस्टम तथा डिप वोरिङको माध्यम मार्फत एक घर एक धारा अवधारणा अनुरुप आवश्यक वजेट विनियोजन गरीएको हुँदा प्रभावकारी कार्यान्वयन गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक एवं पर्यटकीय क्षेत्रको पहिचान गरी संरक्षण एवं सर्म्वधन गरीनेछ ।
- ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका लागि आवश्यक वजेट व्यवस्था गरीएको हुँदा यसको प्रभावकारी एवं प्रत्यक्ष प्रतिफल प्राप्त हुनेगरी कार्यक्रम गरीनेछ ।

- ❖ गाउँपालिका क्षेत्र भित्र सफा गाउँ र पूर्ण सरसफाईका सूचकांकहरु पुरा गर्न पाँचबर्षे गुरुयोजना तयार गरी पाँच वर्ष भित्रमा गाउँपालिका क्षेत्र भित्र सरसफाईको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुसँग साझेदारी, समन्वय र सहकार्यमा सफा गाउँ र पूर्ण सरसफाई उन्मुख गाउँ घोषणा गरीनेछ ।
- ❖ कडा रोग लागेका भनी आधिकारीक चिकित्सकवाट प्रमाणित भएका विमारीको लागि उपचार अनुदान खर्चको व्यवस्था गर्ने गरी आवश्यक वजेट विनियोजन गरेकोछु । यसको उचित एवं यथार्थ प्रयोगको लागि आवश्यक कार्यविधि तयार गरी विनियोजित वजेट खर्च गरीनेछ ।

- ❖ प्लाष्टिकजन्य फोहोरहरुको विर्सजनका लागि समुदाय स्तरमा सघन रुपमा सचेतना फैलाई व्यवस्थित विर्सजन गरीनेछ ।

- ❖ प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण, लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरीनेछ ।

- ❖ वढ्दै गएको नसर्ने रोगहरु तथा मानसिक रोगहरुको प्रभाव न्युनीकरणका लागि स्वास्थ्य सचेतना, उपचार तथा व्यवस्थापनको सहज पहुँच विस्तार तथा आवश्यकता अनुसारको पूर्नस्थापना सेवा समेत स्थापना गरीनेछ । विशेष राहत कोष स्थापना गरी आवश्यक सहयोग तथा व्यवस्थापनमा जोड दिईनेछ ।

- ❖ प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई जोड दिई स्वास्थ्य प्रवर्द्धन गर्नका लागि विशेष कार्यक्रमहरु संचालन गरीनेछ ।

- ❖ विद्यालय स्वास्थ्य शिक्षा, किशोर किशोरी प्रजनन् स्वास्थ्य, महिनावारी सरसफाई व्यवस्थापन जस्ता कार्यक्रमहरुलाई विस्तार गर्दै लगिनेछ ।

- ❖ गाउँघर क्लिनिक र खोप क्लिनिकको नियमित संचालन तथा व्यवस्थापनका लागि आवश्यक भवन निर्माण तथा सामग्रीहरुको व्यवस्थापनमा जोड दिईनेछ ।

- ❖ वजारिया खानाको प्रयोग घटाउन तथा पोषण सम्वन्धी वृहत्त सचेतना वढाउन खाद्य व्यवहारमा आधारित पोषण शिक्षा प्रवर्द्धन गरीनेछ ।

- ❖ नसर्ने रोगहरुको शिघ्र निदान र पहिचानका लागि घुम्ती शिविरहरु संचालन गरीनेछ ।

- ❖ टेलिमेडिसिन सेवा तथा ल्याव सेवालाई स्वास्थ्य संस्थाहरुमा विस्तार गर्नका लागि आवश्यक कार्यहरु गरीनेछ ।

- ❖ आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिई सुत्केरी भेट, मोवाईल स्वास्थ्य, जन्म पूर्व तयारी, नियमित अल्ट्रासाउण्ड, गर्भवती स्याहार अभियान, सुरक्षित मातृत्व महिना जस्ता कार्यक्रमलाई नियमित संचालन गरी अन्य नविनतम् कार्यहरुको थालनी गरीनेछ ।

- ❖ स्वास्थ्यकर्मीहरुको क्षमता विकास तथा उत्प्रेरणाको लागि आवश्यक कार्यहरु गरीनेछ । समयानुकुल अध्ययन अवलोकन भ्रमण, तालिम तथा अन्य अवसरहरु सिर्जना गरीनेछ ।

- ❖ स्वास्थ्य संस्था नभएको वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना र संचालन गरीनेछ
- ❖ स्वास्थ्य संस्थाहरु, स्वास्थ्य सेवा एकाई, स्वास्थ्य सेवा विन्दु, खोप क्लिनिक, गाउँघर क्लिनिक, आमा समुहहरुको भवन लगायत अन्य पूर्वाधार विकासमा जोड दिई आफ्नै सेवा संचालनमा जोड दिईनेछ ।
- ❖ विकासमा महिला, काममा पहिला भन्ने नारालाई आत्मसाथ गरी महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत आमा समुहहरुको प्रभावकारी र व्यवस्थित परिचालन गरीनेछ ।

- ❖ स्वास्थ्य सम्बन्धी विभिन्न घुम्ती शिविरहरू (आँखा, नाक, कान, घाँटी, सामान्य चिकित्सा, छाला) लगायत परिवार नियोजनसम्बन्धी शिविरहरू संचालन गरी स्वास्थ्य सेवाको पहुँच वृद्धि गरीनेछ ।
- ❖ गाउँपालिकाका सबै वडाहरूलाई क्रमशः घरमा सुत्केरी शुन्य (शत प्रतिशत संस्थागत सुत्केरी गराउने) वडा घोषणाका लागि आवश्यक कार्यक्रमहरू संचालन गरी गाउँपालिकालाई शत प्रतिशत संस्थागत सुत्केरी गराउने गाउँपालिका घोषणा गरीनेछ ।
- ❖ बढ्दै गएको नसर्ने रोगहरू तथा मानसिक रोगहरूको प्रभाव न्युनीकरणका लागि स्वास्थ्य सचेतना, उपचार तथा व्यवस्थापनको सहज पहुँच विस्तार तथा आवश्यकता अनुसारको पूनर्स्थापना सेवा समेत स्थापना गरीनेछ ।
- ❖ प्रकोप व्यवस्थापनको लागि च्बउष्म च्भकउयलकभ त्भक ९च्च्त० र ऋयℎगलष्तथ च्बउष्म च्भकउयलकभ त्भक ९ऋच्च्त० खडा गरी तत्काल व्यवस्थापन गरीनेछ ।

- ❖ बालबालिकाहरुमाथि हुने हिंसा, विभेद र शोषणलाई अन्त्य गरी बाल अधिकार प्रवर्द्धन तथा बाल संरक्षण र संवर्द्धन गर्ने ।
- ❖ खानेपानीको मुहान संरक्षणको लागि विशेष योजना बनाई आवश्यकता अनुसार खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पूर्वाधार निर्माणमा विशेष जोड दिने । "**एक घर एक धारा**"को अवधारणा अनुसार खानेपानी योजना सञ्चालनमा जोड दिने ।

**ग) वातावरण तथा विपद ब्यबस्थापन**

- ❖ गाउँपालिका भित्रको निश्चित क्षेत्रलाई वृक्षारोपण क्षेत्र घोषणा गरी सरोकारवाला निकायसँग को समन्वय र सहकार्यमा बृक्षारोपण गरी वातावरण संरक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

- ❖ गाउँपालिकाको समग्र विकास र प्रगतिसँग वातावरण जोडिएको हुँदा यस गाउँपालिकालाई वातवरण मैत्री गाउँ घोषणा गर्ने गरी यसै आ.व. ०७६।७७ बाटै वातावरण मैत्री विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्ने नीति तय गरी लागु गरीने छ ।
- ❖ वातावरण मैत्री गाउँ बनाउन आवश्यक पर्ने स्रोत साधन तथा प्राविधिक सहयोगलाई विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय निकाय सँग सहकार्य तथा साझेदारीमा वृक्षारोपण लगायतका विविध कार्यक्रमहरु सञ्चालन गरीने छ ।
- ❖ विकासलाई विपद जोखिमसँग जोडी विपद प्रतिरोधात्मक संरचनाको निर्माण गर्ने नीतिलाई तदारुकताका साथ अगाडि बढाइने छ । विपदका सम्भावित क्षेत्र पहिचान गरीने छ ।
- ❖ विपदको समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद उद्दार समुह गठन गरीने छ । उक्त समुहलाई विपदमा उद्दार गर्ने आवश्यक सामाग्री समेत उपलब्ध गराइने छ ।
- ❖ पूर्ण सरसफाई युक्त र घरभित्रको धुँवावाट प्रदुषण मुक्त गर्न प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरीनेछ ।
- ❖ सामुदायीक वन उपभोक्ता समिति तथा जिल्ला बन कार्यालयको संयुक्त प्रयासमा एक वडा एक नर्सरी कार्यक्रम संचालन गरीनेछ । साथै कवुलियत वन कार्यक्रमलाई प्राथमीकता दिईनेछ ।
- ❖ प्लाष्टिक झोला निषेधित क्षेत्र तथा पुर्ण सरसफाइ युक्त क्षेत्र निर्माणको नीति लिइनेछ ।
- ❖ विपद तथा प्रकोपको समयमा हेलीकप्टरबाट पनि उद्दार गर्नुपर्ने आवश्यकतालाई महशुस गरी गाउँपालिका क्षेत्र भित्र ७ वटै वडामा हेलीप्याड निर्माण गर्ने कार्यलाई अगाडि बढाउन आवश्यक वजेट विनियोजन गरीएको छ ।
- ❖ फोहरमैला संकलन, बर्गीकरण, ढुवानी र अन्तिम निस्कासन गर्नका लागि उपयुक्त स्थान, त्यसको व्यवस्थापन र फोहोरमैलालाई आम्दानीको श्रोतको रुपमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

- ❖ फोहरमैला को उपयुक्त व्यवस्थापन, बर्गीकरण, कम्पोष्टिङ्ग, पुनः प्रयोग तथा पुनः उपयोग सम्बन्धी व्यवस्था मिलाउन गाउँपालिका भित्र कार्य गर्ने विभिन्न गैर सरकारी संस्था, सामाजिक संस्थाको सहभागितामा सामाजिक परिचालन र जनचेतना अभिवृद्धि गर्न पहल गरीनेछ ।
- ❖ फोहोरमैला संकलन र व्यवस्थापन कार्यलाई दिगो तुल्याउन निजी संस्थालाई संलग्न सार्वजनिक नीजि साझेदारी अगाडी बढाइनेछ ।
- ❖ फोहोरमैलालाई बर्गीकरण गरी आफै व्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाइ अभियानका रुपमा ल्याइनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र स्थित संपूर्ण पानीको स्रोतको सर्वे एबं संरक्षण गर्ने नीति लिइ तथ्याङ्क संकलन गरीनेछ ।
- ❖ विकास योजना संचालन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।
- ❖ एक वडा एक पोखरी, एक वडा एक पार्क, एक वडा एक वालवाटिका पार्क निर्माण गर्ने कार्यलाई विस्तारै कार्यान्वयनमा ल्याईने छ । गाउँको सार्वजनिक जग्गामा सार्वजनिक पार्क/बोटानिकल गार्डेन निर्माण गरी सार्वजनिक जग्गाको संरक्षण गरीनेछ ।
- ❖ गाउँपालिका भित्रका विभिन्न डाडाँहरुमा जमिनमुनिको पानी विद्युतीय माध्ययमवाट वाहिर निकाली खानेपानी साथै सिंचाईलाई सहज अवस्था सिर्जना गर्ने कार्यमा प्राथमिकताका साथ काम गरीनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरीनेछ ।
- ❖ वस्तीमुनिको मुलको पानी लिफ्ट सिस्टमवाट माथि तानी वस्ती स्तरमा सहज वितरणको व्यवस्था गरीनेछ ।
- ❖ वतावरणमैत्री विकास पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

- ❖ भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघसस्थाहरुसँगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरीनेछ ।
- ❖ प्राकृतिक प्रकोप (चट्याङ्ग, वाढी पहिरो, हावाहुरी, भूकम्प आगलागी डढेलो) नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरी आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ❖ विपत व्यवस्थापन कोष संचालन एवं कार्यविधि तयार भैसकेको हुँदा यसको कार्यान्यनको लागि विपत व्यवस्थापन कोष खडा गरी वजेट विनियोजन समेत भैसकेकोले यसको प्रभावकारी कार्यान्वयन गरीनेछ । .
- ❖ बातावरणमा महत्वपूर्ण भूमिका रहने एक गाउँ एक पोखरीको अवधारणालाई विवरण एकिन गरी अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।
- ❖ गाउँपालिका तथा वडामा एकिन गर्नुपर्ने खुला क्षेत्रको अवधारणालाई अनिवार्य पहिचान गरीने छ ।
- ❖ सडक निर्माण कार्य गर्दा वायो इञ्जिनियरिङ प्रविधि लाई अनिवार्य अबलम्बन गरी वातावरण वचाउ तर्फ विशेष ध्यान दिइनेछ ।

**घ) आर्थिक विकास**

- ❖ नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजश्व निर्धारण गरीने छ । सबै सरोकारवाला करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल वजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने छ ।

- गाउँपालिकाले राजश्व सुधार कार्ययोजना (च्भखभलगभ क्ष्उचयखझभलत ब्अतष्यल एबिल) तयार गरी थप राजश्वका क्षेत्रहरुको पहिचान गर्दै आगामी बर्ष देखि राजश्व अभिबृद्धि गर्ने तर्फ सम्वन्धित सबै क्षेत्र र वर्गलाई करको दायरामा ल्याउन आवश्यक पहल गरीनेछ ।
- गाउँपालिका तरकारी तथा फलफुल उत्पादनको दृष्ट्रीकोणले पनि राम्रो सम्भावना बोकेको क्षेत्र भएको हुँदा विभिन्न प्रकृतिको कृषि उत्पादनलाई मध्यनजर गरी सिंचाईको सुविधा उपलब्ध गराउन आवश्यक प्लाष्टिक पोखरी, आकाशे पानी संकलन, हिउँदे सिंचाई ट्याङकी, स्प्रिकंल सिंचाई, थोपा सिंचाई जस्ता उपयुक्त सिंचाई प्रविधिको लागि वजेट विनियोजन गरीएको छ । यसबाट कृषि उत्पादनलाई थप टेवा पुग्ने आशा लिएको छु ।
- कृषि उत्पादन राम्रो हुने क्षेत्रको पहिचान गरी उक्त क्षेत्रहरुलाई एकल कृषि उत्पादन पकेट क्षेत्र घोषणा गरीनेछ । सोको लागि माटो परिक्षण, कृषि प्रबर्द्धन र विकास गर्न आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गरीनेछ ।
- तरकारी तथा फलफुल विक्रि र संकलनको लागि तरकारी तथा फलफुल संकलन तथा विक्रि केन्द्रको स्थापना गरीनेछ । यसको लागि अन्य विषयगत निकायसँग समन्वय गरी कार्यक्रम अगाडि बढाइनेछ ।
- उद्यमशिलता विकास गर्न उद्यम विकास कोष स्थापना गर्न पहल गरीनेछ । गाउँपालिकाक्षेत्र भित्रका उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको विक्रि वितरणको लागि साझा सुविधा केन्द्र, लघु, साना तथा घरेलु उद्योगहरुबाट उत्पादित सामान विक्रिको वितरणको नजिकको बजारमा सञ्चालित विक्रि कक्ष सँग समन्वय गरी उत्पादित वस्तुको प्रर्बद्धन साथै वजार व्यवस्थापनमा जोड दिइने छ ।
- यस गाउँपालिका क्षेत्रमा रहेका वन तथा सार्वजनिक क्षेत्रलाई सार्वजनिक नीजी साझेदारी कार्यक्रमको अवधारणा अनुसारको नीति तय गरी उक्त क्षेत्रमा कृत्रिम ताल, वोटानिकल पार्क सहितको मनोरञ्जन पार्कको विकास गरी आन्तरिक तथा वाह्य

पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिनेछ । यसको लागि आवश्यक नीति गाउँपालिकाले तयार गर्नेछ ।

- ❖ गाउँपालिका क्षेत्रमा सञ्चालित साना तथा घरेलु उद्योगहरुको सूचि तयार गरीनेछ । उक्त उद्योगहरुलाई गाउँपालिकामा दर्ता गराई त्यस्ता उद्योगहरुको प्रबर्द्धनमा गाउँपालिकाले सहजिकरण गर्ने गरी कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्नेछ ।

- ❖ गाउँपालिका क्षेत्र भित्र रहेका सहकारीहरुको सूचना अद्यावधिक गरी सहकारीलाई नियमन गर्दै उनीहरुको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरीनेछ, यसको लागि गाउँपालिका स्तरिय सहकारी संघ बनाई सहकारी प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

- ❖ गाउँपालिकाको राजश्वका दर तथा क्षेत्र निर्धारण गर्दा प्रचलित ऐन नियम तथा कार्याविधिको अधीनमा रही राजश्व परामर्श समितिको सिफारिसको आधारमा करका दायराहरु निर्धारण गरीनेछ ।

- ❖ राजस्व सम्बन्धी संभाव्यता अध्ययन कार्य यसै वर्ष अगाडि बढाइनेछ । राजस्व सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनका लागि कर प्रणालीलाई व्यवस्थित, वैज्ञानिक बनाइनेछ । सम्पत्ति करलाई व्यवहारिक, वैज्ञानिक र न्यायोचित वनाईने छ ।

- ❖ करको दायरा फराकिलो बनाउन नयाँ करका क्षेत्र पहिचाहनमा प्राथमिकता दिइनेछ ।

- ❖ गाउँपालिकामा रहेका संभावित पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन गुरुयोजना निर्माण गरी सोही अनुसार कार्यान्वयन गरीनेछ ।

- ❖ पर्यटन प्रवर्दनका निम्ति मूख्य आधारको रुपमा रहेको होटल व्यवसायलाई प्रवर्द्धन गर्न उपयुक्त वातावरण सिर्जना गर्ने पहल गरीनेछ ।

- ❖ गाउँपालिकाको आन्तिरक आयको बृद्धि गर्नका लागि राजस्व संभाव्यता अध्यनन समिति गठन गरी आय बृद्धिका लागि आवश्यक कार्यहरु अगाडी वढाईनेछ ।

- ❖ यस गाउँपालिकाको विशेष पहिचान बोकेको उत्पादनको खोजी गरी सो को वजारीकरण गर्दै यसका उत्पादनहरुलाई अझ गुणस्तरीयता प्रदान गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्था तथा नीजी क्षेत्रसँगको सहकार्यलाई अगाडि बढाइने छ । यसको लागि आवश्यक श्रोतको व्यवस्था गरीनेछ ।
- ❖ एक वडा एक उत्पादनको क्षेत्रलाई प्राथमीकताका साथ कार्यान्वयन गर्ने गरी गाउँपालिका र वडा कार्यालयवाट वजेट विनियोजन गरी आर्थिक सवृद्धिका लागि कार्यक्रम तयार गर्न आवश्यक वजेट विनियोजन गरीएको छ ।
- ❖ आधुनिक कृषि पद्धतीलाई विस्तार गरी परम्परागत निर्वाहमुखी खेती प्रणालीमा सुधार गरीनेछ ।
- ❖ सिंचाई योग्य भूमीको पहिचान गरी सामुहिक कृषि प्रणाली विस्तार गरीनेछ । यसको लागि वाँझो जमिनको तथ्याङ्क तयार गरी कार्यक्रम अगाडी वढाईने छ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र छरिएर रहेका एवं व्यवस्थित हुन नसकेका सहकारी संस्थाहरुको तथ्याकं संकलन गरी सरोकारवला निकायसँग छलफल एवं वहस गरी सहकारी संस्थाहरुको आवश्यक व्यवस्थापन गरीनेछ ।

**ङ) सार्वजनिक सेवा तथा क्षमता विकास**

- ❖ नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको अधिकारको पूर्ण उपयोग तथा परिपालना गर्न गाउँपालिकाले २५ वटा ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरु तयार गरी कार्यान्वयन गरी सकिएको छ भने थप आवश्यक ऐन नियम निदेर्शिका र कार्यविधि आवश्यकता अनुसार तयार एवं पास गरी कायान्वयनमा ल्याईने छ ।
- ❖ सेवा प्रवाहलाई छिटो छरितो बनाउन हाल गाउँपालिकाको आफ्नै भवन नभएको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको लागि उचित स्थानमा निःशुल्क जग्गा प्राप्ती सम्वन्धी प्रकृया अन्तिम चरणमा रहेको हुँदा जग्गा प्राप्ती र निर्णय पश्चात आ.व. ०७६।७७ मा भवन निर्माणको डिजाइन एवं सर्भे

लगायतका आवश्यक प्रकृया पुरा गरी भवन निर्माण गर्ने कार्यलाई अगाडि बढाइने छ ।

- ❖ वडा समिति सदस्य, कर्मचारी र कार्यालयको भौतिक क्षमता विकास गरी आधारभुत सेवाहरु त्यहीबाट उपलब्ध गराउन आवश्यक क्षमता विकास गरी भौतिक तथा संस्थागत पूर्वाधारको विकास गर्न तदारुकता दिइनेछ । यसको लागि आवश्यक वजेट र जनशक्तिको व्यवस्था गरीनेछ ।

- ❖ गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन गर्दै उक्त कार्यक्रमहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय शुसासन कायम गरीनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटिको विकास गर्न गाउँपालिका भित्र गुनासो सुन्ने अधिकारी तथा गुनासोको कारवाही गर्ने व्यवस्था गरी सकिएको छ । चौमासिक रुपमा नतिजामूलक अनुगमन तथा मुल्याङ्कनको सिद्धान्त अनुसार योजनाहरुको अनुगमन प्रतिवेदन तयार गरी गाउँकार्यपालिका वोर्ड वैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाइनेछ ।

- ❖ उपभोक्ता हित संरक्षणको लागि आवश्यक पूर्वाधार तयार गरी गाउँपालिका स्तरीय **उपभोक्ता हित संरक्षण मञ्च** गठन गर्न कार्यविधि तयार भैसकेको हुँदा आ.व. ०७६।७७ मा उपभोक्ता हित संरक्षण मञ्च गठन गरीने छ । सबै प्रकारका मालसामान विक्री गर्ने पसलहरुमा गुणस्तरिय मालसामान विक्रि गर्ने सुनिश्चीतता सहित मूल्य सूचि राख्ने व्यवस्था लाई कडाईका साथ लागु गरीनेछ ।

- ❖ गाउँपालिकाबाट सम्पादन हुने न्यायप्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुचाइने छ । वडाहरुमा मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्रको गठन भैसकेको हुँदा न्याय सम्पादनमा सहजिकरणका लागि मेलमिलाप केन्द्रका पदाधिकारीको क्षमता विकासका लागि आवश्यक वजेट विनियोजन गरीएको छ । यसरी गाउँपालिका उप प्रमुखको संयोजकत्वमा गठन भएको न्यायिक समितिको क्षमता समेत विकास गर्दै न्याय प्रणालीलाई श्रोत

साधनयुक्त वनाई तोकिएको क्षेत्राधिकार भित्र रहि न्याय सम्पादन कार्यलाई सरल सहज र पारदर्शी गराईने छ ।

- ❖ गाउँपालिका कार्यालय, वडा कार्यालय र गाउँ क्षेत्रका सबै सार्वजनिक निकायहरुमा नागरीक वडा पत्र तयार गरी कार्यान्वयनमा ल्याईसकिएको छ । साथै आगामी दिनमा आवश्यकता अनुसार तोकिएको समयमा सेवा प्रवाह, लाग्ने दस्तुर लगायत समय र जिम्मेवारी कर्मचारी समेत तोकी सेवा प्रवाहलाई जनमुखी, पारदर्शिता सहित सुशासन कायम गरीनेछ ।
- ❖ गाउँपालिका र वडा कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा संस्थाको पहिचान गरी पुरष्कृत गर्ने परिपाटिलाई निरन्तरता दिईनेछ । त्यसै गरी उत्कृष्ट शिक्षक, उत्कृष्ट सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, महिला समुह, सहकारी, वन समुह, कृषक समुह, टोल विकास समुह, निर्माण व्यवसायी, उपभोक्ता समिति लाई पनि पुरष्कृत गरीने परिपाटीलाई निरन्तरता दिईनेछ ।
- ❖ सरकारी निकायहरुबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको गाउँपालिकाको विद्युतीय नागरीक वडापत्र तयार गरीनेछ ।
- ❖ गाउँपालिकामा संचालन हुने कार्यक्रमहरुलाई अझ प्रभावकारी, पारदर्शी बनाउन सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरीक अनुगमन, प्रगति समीक्षामार्फत सुशासनमा जोड दिइनेछ ।
- ❖ जनतामा प्रवाह गरीने सेवालाई थप प्रभावकारी बनाउन जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरीनेछ ।
- ❖ क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरीनेछ ।
- ❖ पदाधिकारीहरु र कर्मचारीहरुको आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

- ❖ गाउँपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी वनाइनेछ ।

- ❖ गाउपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत गरीने कार्यलाइ प्रभावकारी, पारदर्शी, छिटो छरितो र सहजीकरणका लागि उपभोक्ता समितिका पदाधिकारीलाई कार्य थालनी पूर्व अनिवार्य रुपमा अभिमुखिकरण तालिम दिइनेछ ।

- ❖ गाउँपालिका र वडा कार्यालयका लागि आन्तरिक आयवाट खर्च व्यहोरिने गरी आवश्यक कर्मचारी करार सेवामा भर्ना गरी सार्वजनिक सेवा प्रभाहलाई चुस्त, दुरुस्त, पारदर्शि र प्रभावकारी वनाईने छ ।

- ❖ गाउँपालिका र वडा कार्यालयवाट संचालन हुने योजना, परियोजना र सेवा प्रवाहका सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरु विच पारदर्शिता एवं जवाफदेहिताका लागि प्रत्येक चौमासिक रुपमा गाउँपालिका र वडा स्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम गरीनेछ ।

- ❖ गाउँपालिका क्षेत्र भित्र निश्चित योग्यता पुगेका विद्यार्थिहरुका लागि लोक सेवा आयोगको अवधारण र विषय बस्तुका सम्वन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नका लागि वजेट विनियोजन गरी निश्चित मापदण्ड वनाई सहभागी गराईनेछ ।

**च**) **विधेयक एवं ऐन नियम** :

- ❖ संघीय सरकारका प्रचलित कानुन ऐन नियम संग नबाझिने गरी कार्यपालिका र गाउँ सभा बाट आबश्यक २५ वटा ऐन नियम बनाई कार्यान्वयनमा ल्याई सकिएको छ । साथै अन्य आवश्यक २४ वटा कार्यविधि तयारीको चरणमा रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

- ❖ गाउँपालिका तथा वडा तह बाट सम्पादन हुने दैनिक तथा दिर्घकालिन कार्य लाइ बैधता दिनका लागि विधेक समिति समेतको सिफारिशमा आबयक ऐन नियम कानुन वनाउने परिपाटीको थालनी गरीएको छ ।

- ❖ गाउँकार्यपालिकाको लागि आवश्यक थप ऐन नियम निर्माण गर्नको लागि विषय विज्ञ समेतको परार्मश चाहिने हुँदा यसको लागि आवश्यक वजेटको व्यवस्था गरीएको छ ।

छ) **सूचना प्रविधि**

- ❖ गाउँपालिका र अर्न्तगतका सबै वडा कार्यालयमा सोलार र इन्टरनेट जडान गरी गा.पा.का संपूर्ण वडालाई प्रविधिमैत्रि वडा वनाई सकिएको छ । यसलाई आवश्यकता अनुसार सुधार र परस्कृत गर्नको लागि क्ष्लतभचलभत सेवालाई पूर्ण रुपमा निरन्तरता दिन क्ष्लतभचलभत को क्उभभम वृद्धि गन क्ष्क्ए सँग समन्वय गरीनेछ ।
- ❖ गाउँपालिका तथा वडा कार्यालयहरुवाट हस्तलिखित रुपमा संचालन भएको सेवा प्रवाह पूर्ण रुपमा सुचना प्रविधि मैत्रि भैसकेकोले यसलाई निरन्तरता दिँदै थप प्रभावकारी वनाउन विभिन्न तालिमद्धारा कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक वजेट विनियोजन गरीएको छ ।
- ❖ गाउँपालिकाको सेवा सूविधा, नीति नियम, सूचाना तथा गतिविधिहरु सबै नागरीक समक्ष पुऱ्याउन मोबाईल एप्स ़**ज्वालामूखी गाउँपालिका** ़ डिजिटल सोधपुछ कक्ष, डिजिटल सुचना पाटि र विद्युतीय हाजिरिको व्यवस्था भैसकेकोले यसलाई निरन्तरता दिईने छ ।
- ❖ कार्यालयबाट सम्पादन हुने कार्यलाई आधुनिक सूचना प्रणाली ९धभद कष्तभ० को माध्यमबाट सरोकारवालाहरु लाई सुसूचित गर्न धभद कष्तभ लाई आवश्यकता अनुसार समय समयमा अद्यावधिक गरीने छ ।
- ❖ ब्यक्तिगत घटना दर्ता कार्यक्रम अनलाइन दर्ता गर्ने कार्य थालनी भैसकेको हुँदा यसलाई निरन्तरता दिईने छ ।
- ❖ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको तथ्याङ्क लाई इलष्लिभ भ्लतचथ गर्ने कार्य सम्पन्न भै सकेको हुँदा सामाजिक सुरक्षा भत्ता वितरण गरीने कार्यलाई थप प्रभावकारी, पारदर्शि , व्यबस्थित र भरपर्दो वनाउन बैकिंङ प्रणाली मार्फत वितरण गर्ने कार्यको थालनी गरीनेछ ।

- ❖ कार्यालयवाट सम्पन्न गरीने योजना तथा कार्यक्रम सम्वन्धी सफ्टवेर तयार एवं प्रयोग गरी योजना सम्भौता लगायत भूक्तानी सम्मको प्रकृयालाई प्रविधि मैत्री एवं सुविधायूक्त भैसकेकोले यसलाई निरन्तरता दिईनेछ ।

- ❖ गाउँपालिका र वडा कार्यलयवाट सेवा प्रवाह वापत लिईने शुल्क रकम सफ्टवेयर (ऋभलतचबष्शिभम ऋफउगतभचष्शभ द्यर्षष्लिन )मार्फत कार्यान्वयन गरी सकिएकोले यसलाई निरन्तरता दिन हाल संचालनमा रहेको क्भचखभच को क्षमता बृद्धि गरीनेछ । यसवाट दैनिक आन्तरिक आम्दानी गाउँपालिका र जुनसुकै वडा कार्यालयवाट समेत तत्काल हेर्न सकिनेछ ।

- ❖ गाउँपालिका, वडा कार्यालयहरुको गतिविधिहरुको निगरानी, शान्ती सुरक्षा तथा हरेक कृयाकलापको पारदर्शिता कायम गर्न सिसी क्यामेरा र विद्युतीय हाजिरी जडान भैसकेको छ । आगामी आ.व. ०७६।७७ मा गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा समेत सिसी क्यामेरा र विद्युतीय हाजिरी जडान गर्ने कार्यको लागि आवश्यक वजेट विनियोजन गरीएको छ ।

- ❖ गाउँपालिका भित्रका सबै माध्यामीक तथा आधारभूत विद्यालयहरुमा ईन्टरनेट सेवाको पहुँच पुऱ्याई कक्षा १ देखी १२ सम्मको :बचप ऋबअिगबितष्यल छिटो, छरितो र पारदर्शी नतिजा प्रकाशन गर्न :बचपकजभभत क्यातधबचभ जडान गरीने छ ।

- ❖ गाउँपालिकाको एचयाषभि तयार भैसकेकोले आ.व ०७६।७७ मा :बकतभच एबिल तथा आवधिक योजना तयार गरी वार्षिक योजना सँग त्भ(ग्उ गरीने छ ।

- ❖ गाउँपालिका भित्र नयाँ निर्माण गरीने घरको नक्सा पास तथा पुराना निर्माण भईसकेका घरको अभिलेखीकरण विद्युतीय प्रणाली (भ्द्यएक) मार्फत शुरु गरीने छ ।

- ❖ जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहमा छिटो छरितो चुस्त दुरुस्त, सेवामूखी

र पारदर्शिता कायम गर्न विद्युतीय प्रणाली प्रयोग सम्वन्धि अभिमुखीकरण तालिम संचालन गरीनेछ ।

- ❖ गाउँपालिकाको सरकारी ईमेल सुरु भैसकेको हुँदा कार्यालयको सुचना तथा समाचार आदान प्रदान गर्ने कार्य सरकारी ईमेल मार्फत गरीने छ ।
- ❖ गाउँपालिकामा सेवाग्राहीहरुको बाक्लो चाप भएमा ँष्चकत ऋयकभ ँष्चकत क्भचखष्अभ क्थकतभm व्यवस्थाका लागि त्तगभगभ :बलबनभmभलत क्थकतभm लागु गरीनेछ ।
- ❖ सुचना प्रविधि सम्वन्धी दैनिक काममा उपयोग हुने उपकरणहरु ( कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, सर्भर, सोलार व्याकअप आदी) आवश्यकता अनुसारको व्यवस्था मिलाइने छ ।
- ❖ सबै वडा कार्यालयमा सुचना केन्द्रहरुको स्थापना र संचालन गर्ने कार्य गरीने छ ।
- ❖ गाउँपालिका वा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई दैनिक कार्य गर्दा आईपर्ने समस्याको समाधानका लागि क्ष्त्त् सम्वन्धी लेखहरु(त्गतयचष्बी) प्रकाशित गरीने छ ।
- ❖ गाउँपालिकामा हाल संचालनमा रहेको क्भचखभच सामान्य भएकोले यसवाट एकिकृत विद्युतीय हाजिरी, एकिकृत राजस्व संकलन क्यातधबचभ, ऋत्रू ऋकभचब लगाएत अन्य प्रणाली व्यवस्थापन गर्न द्यष्न म्बतब क्तयचबनभ क्भचखभच को व्यवस्था मिलाउन आवश्यक वजेट विनियोजन गरीएको छ ।

**सभाध्यक्ष महोदय,**

योजना तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा त्यसको सफल कार्यान्वयन गर्नु हाम्रो लागि चूनौतिको बिषय हो । अर्को तर्फ योजनाको कार्यान्वयन गर्दा त्यसको गुणस्तर कायम गर्ने तथा समयमा नै सम्पन्न गर्नु पनि त्यतिकै चूनौतिको बिषय रहेको छ । विकासका कार्यक्रम के कति सम्पन्न गर्यौं भन्दा पनि त्यसबाट नागरीकको जिवनमा हामीले के कति परिवर्तन ल्यायौँ, त्यो नै महत्वपूर्ण बिषय हो । भावी दिनमा समृद्ध गाउँपालिकाको निर्माण गर्न सबै राजनैतिक दल, नागरीक समाज, नीजी

क्षेत्र, पेशागत संस्थाका महानुभावहरु, शिक्षक, पत्रकार लगायत सबै गाउँपालिका बासीहरु मा हार्दिक अपिल गर्दछु ।

अन्तमा लामो संघर्ष पछि परिवर्तित व्यवस्था सँगै स्थानीय सरकारले आफ्नो विकास निर्माणका योजना आफै बनाई, आफ्नो स्थानको विकास आफैले गर्ने शुरुवातको यस विशिष्ट अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथि ज्यूहरु तथा गाउँसभाका सदस्य ज्यूहरु, राजनैतिक दलका पदाधिकारीहरु, कर्मचारी साथीहरु, सञ्चारकर्मी साथीहरु, विभिन्न पेशा, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्दै यस समारोहमा उपस्थित हुनु भएका महानुभावहरु प्रति म र ज्वालामूखी गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

आज्ञाले

**बद्रिनाथ लम्साल**

प्रमुख प्रशासकीय अधिकृत

निति तथा कार्यक्रम २०७६, मूल्य रु. ५/-